प्रदेश सरकार
प्रदेश नं ५

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बुटवल, नेपाल

पत्र संख्याः- २०७६/७७
चलानी नं.:- ४५८४

मितिः२०७६/१२/१८

विषयः निर्णय पठाईएको सम्बन्धमा।

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.५ बुटवल।
श्री नेपाली सेना, मध्यपश्चिम पृतना प्रदेश नं. ५।
श्री ५ नं. प्रदेश प्रहरी कार्यालय प्रदेश नं. ५, दाङ्ग।
श्री सशस्त्र प्रहरी बल, नं. ५ वाहिनी, चन्द्रौटा
श्री राष्ट्रिय अनुसन्धान विभाग, ५ नं. प्रदेश कार्यालय, बुटवल।
श्री जिल्ला प्रशासन कार्यालय सबै (प्रदेश नं. ५)।

प्रस्तुत विषयमा प्रदेश नं. ५ का प्रमुख सचिव श्रीमान तोयानारायण ज्ञवालीज्यूको अध्यक्षतामा मिति २०७६/१२/१८ गते बसेको COVID-19 प्रतिकार्य तथा नियन्त्रण सम्बन्धी प्रदेशस्तरीय सुरक्षा प्रमुखहरुसंग वैठकका निर्णयहरु आवश्यक कार्यान्वयनका लागि यसै पत्रसाथ पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ।

(प्रेम बहादुर गौतम) २०७६/१२/१८
अधिकृत सातौं

सादर अवगतार्थः
माननीय मुख्यमन्त्रीज्यू, प्रदेश नं. ५

infocmofficep5@gmail.com, 071- 550610 facebook.com/ocmcm.p5 @Ocmcmp5

आज मिति २०७६ साल चैत्र १८ गते यस प्रदेश नं. ५ का श्रीमान प्रमुख सचिव तोयनारायण ज्ञवालीको अध्यक्षता र तपसिल बमोजिमको उपस्थितिमा COVID-19 प्रतिकार्य तथा नियन्त्रण सम्बन्धी सुरक्षा संयन्त्रको बैठक बसी देहायबमोजिमका निर्णयहरु गरियो ।

तपसिल

श्री तोयनारायण ज्ञवाली प्रमुख सचिव प्रदेश नं : ५

उपस्थित श्री सितराम खड्का प्रजनापति, मध्यपश्चिम प्रतिक्षा

श्री राजेन्द्र थापा सचिव मु.मं. तथा मं.प. कार्यालय

श्री शंकर प्रसाद खरेल सचिव आ० मा० तथा का० मन्त्रालय

श्री प्र.व.उ.उ. गणेश रेग्मी, ने.पृ.प्र.नि.म.नि. प्रतिनिधि

श्री हरिहर पौड्याल, [illegible] ५ नं. प्रदेश कार्यालय बुटवल

श्री नारायण दत्त पौडेल प्र.ब.ल. नं.४ वाहिनी, चन्द्रौटा

श्री महादेव पन्थ प्र० जि० अ० रुपन्देही

श्री यमकान्त पाण्डेय उपसचिव मु.मं. तथा मं.प. कार्यालय

श्री प्रेम गौतम अधिकृत सातौं " "

मिति २०७६/१२/१८ गते प्रमुख सचिव श्री तोयनारायण ज्ञवालीको अध्यक्षतमा प्रदेशका सबै सुरक्षा प्रमुखहरुसँग बसेको बैठकका निर्णयहरु :

१. यस प्रदेशमा हालसम्म कोरोना भाइरस (COVID-19) वाट परेको प्रभाव, व्यवस्थापनमा देखिएका समस्या र विद्यमान अवस्थाको बारेमा छलफल भयो ।

२. कोरोना भाईरस (COVID-19) को नियन्त्रण, रोकथाम र उपचारका लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/१२/१७ गतेको देहायबमोजिमको निर्णय प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, गराउने ।

क) निर्माण क्षेत्रमा कार्यरत/ काम गर्ने मजदुर घर जान चाहेको विशेष अवस्थामा प्रमुख जिल्ला अधिकारीले समन्वय गर्ने, यातायात साधनको व्यवस्था सम्बन्धित निर्माण व्यवसायीले गर्ने, मजदुरको घर भएको जिल्ला र मजदुर रहेको जिल्लाका प्रमुख जिल्ला अधिकारीले प्रयास समन्वय गरी सुरक्षित रुपमा घर जान सक्ने व्यवस्था मिलाउने।

ख) अत्यावश्यक वस्तुको आपूर्ति र कृषिजन्य वस्तुको आपूर्तिका लागि इलाका प्रशासन कार्यालय र प्रमुख जिल्ला अधिकारीले आवश्यकता हेरी पासको व्यवस्था गर्ने। साथै खाद्यान्न र कृषि उपजका लागि मात्र इलाका प्रशासन र जिल्ला प्रशासन कार्यालय नरहेको पालिका तहमा पालिका क्षेत्रभित्र मात्र आवतजावत गर्ने गरी सम्बन्धित पालिकाको प्रमुख प्रशासकीय अधिकृतले निश्चित समयका लागि पासको व्यवस्था गर्ने।

ग) प्रदेश भित्रका एम्बुलेन्सको विवरण संकलन र चालु अवस्थामा राख्ने कार्य आन्तरिक मामिला तथा कानून मन्त्रालयले गर्ने, एम्बुलेन्स चालकलाई समेत आवश्यकता हेरी स्वास्थ्य सामाग्री उपलब्ध गराउने।

घ) दैनिक ज्यालादारीमा काम गर्ने र श्रमिक वर्गका लागि आवश्यक खाद्यान्नको व्यवस्था सम्बन्धित पालिकाले गृह मन्त्रालयको मिति २०७६/१२/१६ को निर्णय अनुसार वडा कार्यालय मार्फत गर्ने।

ङ) कोरोना भाइरस (COVID-19) को आशंकामा मृत्यु भएका व्यक्तिको दाहसंस्कार गर्न सम्बन्धित परिवारलाई सम्बन्धित पालिका र सुरक्षाकर्मीले सहयोग गर्ने। यस कार्यका लागि सव वाहनको व्यवस्था गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयले समन्वय गर्ने।